# बैठक नं. ७९

आज मिति २०७७ श्रावन २७ गते मंगलबार दिनको ५:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | नि.सचिव | श्री टंकलाल गैरे | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

**<u>निर्णय नं.१</u>**

यस नगरपालिकाको चालु आ.व.२०७७/०७८ का लागि सातौं नगरसभाबाट परित भएका विभिन्न ऐन, कार्यविधि, नियमावलीहरु र नीतिगत निर्णयहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२</u>**

कीर्तिपुर नगरकार्यपालिका कार्यालयमा कार्यरत सवारीसधान प्रयोग गर्ने सवै कर्मचारीहरुलाई मासिक रुपमा उपलब्ध गराइने इन्धन तथा नियमित रुपमा हुने मर्मतसम्भार खर्चलाई पारदर्शी, एकरुपता र मापदण्डमा आधारित बनाई इन्धन र मर्मत खर्चलाई समयसापेक्ष,मितव्ययी र व्यवस्थित गर्न २०७७ श्रावण १ देखि तपशिलको मापदण्ड कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

क. इन्धनको मापदण्ड

| सि.न | विवरण | कार्यालयले उपलब्ध गराएको मोटरसाइकल/स्कुटरको हकमा | कर्मचारीको निजी मोटरसाइकल /स्कुटरको हकमा | कैफियत |
|---|---|---|---|---|
| १ | अधिकृतस्तर र फिल्ड जानुपर्ने सबै कर्मचारीहरु | प्रशासनिक कर्मचारीको हकमा इन्धन-१०लिटर प्रतिमहिना | प्रशासनिक कर्मचारीको हकमा इन्धन-१३लिटर प्रति महिना | |
| | | प्राविधिक कर्मचारीको हकमा इन्धन-१२ लिटर प्रतिमहिना | प्राविधिक कर्मचारीको हकमा इन्धन-१५ लिटर प्रति महिना | |
| | | मोबिल- ३ लि. बार्षिक | मोबिल – ४ लि. बार्षिक | |
| २ | फिल्ड बाहेकका अन्य सहायक तथा श्रेणीबिहिन कर्मचारी | इन्धन-७ लिटर प्रतिमहिना | इन्धन-१० लिटर प्रतिमहिना | |
| | | मोबिल- ३ लि. बार्षिक | मोबिल – ४ लि. बार्षिक | |

उल्लेखित परिमाणले नपुग्ने भएमा कारण र पुष्ट्याई सहित थप इन्धन मागका लागि प्रमुख प्रशसकीय अधिकृत समक्ष निवेदन पेश गरी प्रमुख प्रशसकीय अधिकृतको निर्णय/आदेशानुसार हुनेछ ।

ख. मर्मतको मापदण्ड

| सि.न | विवरण | कार्यालयले उपलब्ध गराएको साधनको हकमा | कर्मचारीकोनिजी सवारी साधनको हकमा | कैफियत |
|---|---|---|---|---|
| १ | मोटरसाइकल/स्कुटर (२ बर्ष सम्म पुरानो) | ३५०० बार्षिकएकमुष्ठ | ५०००बार्षिक एकमुष्ठ | |
| २ | मोटरसाइकल/स्कुटर (२-५ बर्ष सम्म पुरानो) | ५५००० बार्षिकएकमुष्ठ | ९०००बार्षिक एकमुष्ठ | |
| ३ | मोटरसाइकल/स्कुटर (५ बर्ष भन्दा पुरानो ) | ८००० बार्षिकएकमुष्ठ | १२,०००बार्षिक एकमुष्ठ | |

पुनश्च-

१. कुनै बिशेष कारण वा दुर्घटनाका कारण बिशेष मर्मत गर्नुपेमा औचित्य पुष्ट्याई सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेशगरी प्रमुख प्रशासकीय अधिकृतको आदेश/निर्णयानुसार हुने
२. इन्धन र मर्मत सुविधा लिनको लागि दैनिक रुपमा सवारी साधन प्रयोग गरी कार्यालय आवतजावत गर्नुपर्ने र सवारी साधनको बिलबुक र सवारी चालक अनुमतिपत्र (ड्राइभिङ् लाइसेन्स)अनिवार्य पेश गर्नुपर्नेछ ।
३. चारपाङ्ग्रे सवारी साधन र भारी उपकरणको हकमा लगबुक, सुचिकृत मर्मतकर्ताबाट प्राप्त इस्टिमेट तथा पदाधिकारीहरुका हकमा प्रदेश कानून बमोजिमको मापदण्डका आधारमा हुनेछ ।

<u>निर्णय नं.३</u>

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरसको संक्रमण दिनानुदिन बढ्दै गएको परिपेक्षमा यस कीर्तिपुर नगरपालिकामा पनि केही व्यक्तिहरु संक्रमित भएको जानकारी प्राप्त हुन आएको हुदाँ संक्रमण रोकथामका लागि यस नगरपालिका क्षेत्रमा संचालन भईरहेका होटल तथा रेष्टुरेन्टहरु संक्रमणको अवस्थासम्मका लागि सम्बन्धित वडा कार्यालय र प्रहरी प्रशासनसँगको सहकार्यमा Take away बाहेकका अन्य सेवा बन्द गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.४</u>

विश्व महामारीको रुपमा फैलिरहेको कोरोना भाईरसको संक्रमण दिनानुदिन बढ्दै गएको परिपेक्षमा यस कीर्तिपुर नगरपालिकाद्वारा स्थापना गरिएको त्रि.वि.वि भवनको क्वारेन्टाईनमा हाल संक्रमित व्यक्तिहरुलाई राख्ने गरी आइसोलेसन भवनका रुपमा व्यवस्थापन गरेको हुनाले सो क्षेत्र वरिपरीका बाटो प्रयोग नगर्न र बैकल्पिक रुपमा त्रि.वि.वि को अर्कोबाट प्रयोगका लागि सबैमा जानकारीका लागि सूचना टाँस गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.५</u>

यस कीर्तिपुर नगरपालिका वडा नं .५ स्थित राराहिल मेमोरियल स्कूलको आफ्नो कार्य सूचारु रुपले संचालनका लागि पेश गरेको तपशिल बमोजिमको विधान संशोधनको प्रस्ताव उपर छलफल गरी स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

# बिधानको दफा ३(१) ख, ९, ११,१२ मा गरिएको
# संशोधित तीन महले विवरण

| साविकको व्यवस्था | हाल संशोधन गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **दफा ३ (१) ख :** यसले प्रचलित ऐन नियमको परिधिभित्र रहेर ब्यक्ति सरह सम्पत्ति प्राप्त गर्ने भोग गर्ने, र हस्तान्तरण गर्ने कार्य गर्नेछ । | **दफा ३ (१) ख :** यसले प्रचलित ऐन नियमको परिधि भित्र रहेर सम्पत्ति प्राप्त, भोग गर्न सक्नेछ साथै संस्था संचालन हुन नसकेमा वा संस्था बिघटन भएमा यस संस्थाको सम्पूर्ण जायजेथा तथा चल अचल सम्पत्ति नेपाल सरकार मातहत रहनेछ । | यस सस्थाको बिधान समय साक्षेप कानुन अनुसार परिवर्तन गरी तथा ब्यवस्थित तरिकाले संचालन गर्नु परेकोले । |
| **दफा : ९ शैक्षिक गुठीका गुठीयार तथा गुठीयारका प्रमुख भई काम गर्ने ब्यक्तिहरुको नाम नियुक्ति प्रक्रिया र कार्यकाल :**<br>१. संस्थापक गुठीयारको ब्यवस्था, अधिकार र कर्तब्य<br>क) संस्थापक गुठीयारहरु गुठीको साधारणसभा र संचालक समतिको पदेन गुठीयार हुनेछन् ।<br>ख) संस्थापक गुठीयारहरुको कार्यकाल आजीवन रहनेछ ।<br>ग) संस्थापक गुठीयारको शेषपछि निजले इच्छाएको ब्यक्तिलाई उक्त गुठीयार पदमा कायम गरिनेछ ।<br>घ) कुनै संस्थापक गुठियारले कुनै ब्यक्तिलाई इच्छाउन नपाउँदै निजको मृत्यु भएमा निजको नजिकको हकदारलाई गुठीयार पद प्रदान गरिनेछ । | **दफा : ९ शैक्षिक गुठीका गुठीयार तथा गुठीयारका प्रमुख भई काम गर्ने ब्यक्तिहरुको नाम नियुक्ति प्रक्रिया र कार्यकालः**<br>१ संस्थापक गुठीयारको ब्यवस्था काम, कर्तब्य र अधिकार :<br>क) संस्थापक गुठियारहरु गुठीको साधारण सभामा पदेन गुठीयार हुनेछन् ।<br>ख) संस्थापक गुठीयारहरुको कार्यकाल आजीवन रहनेछ ।<br>ग) संस्थापक गुठीयारको शेषपछि निजले इच्छाएको ब्यक्तिलाई उक्त गुठीयार पदमा कायम गरिनेछ ।<br>घ) कुनै संस्थापक गुठियारले कुनै ब्यक्तिलाई इच्छाउन नपाउँदै निजको मृत्यु भएमा निजको नजिकको हकदारलाई गुठीयार पद प्रदान गरिनेछ । | |
| २ गुठीयारको नामावली :<br>१ . श्री नारायण महर्जन<br>२. श्री तुल्सीदास महर्जन<br>३. श्री शम्भुराम मर्हजन<br>४ श्री ध्रुब महर्जन<br>५ . श्री सुर्यबज्र बज्राचार्य | २ गुठीयारको नामावली :<br>१ . श्री नारायण महर्जन<br>२. श्री तुल्सीदास महर्जन<br>३. श्री शम्भुराम मर्हजन<br>४ श्री ध्रुब महर्जन | |

| | | |
|---|---|---|
| ६. श्री प्रकाश तण्डुकार<br>७. श्री लिलाबहादुर शाही<br><br>**परिच्छेद ३**<br>**दफा ११**<br>१ गुठीयारहरुको योग्यता :<br>यस गुठीको उद्देश्य र बिधानप्रति प्रतिवद्ध तल उल्लेखित योग्यता पुगेका कुनै पनि नेपाल नागरिक तोकिएको प्रकृया पूरा गरी गुठीको सदस्य बन्न सक्नेछ ।<br>क) २५ बर्ष उमेर पुगेका नेपाली नागरिक हुनुपर्ने ।<br>ख) मानसिक अवस्था ठिक रहेको हुनुपर्ने ।<br>ग) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय नपाएको ।<br>घ) गुठीको बिरुद्ध प्रत्यक्ष मुद्दामा संलग्न नभएको तथा सदस्य हुन अयोग्य नठहरिएको । | ५ . श्री सुर्यबज्र बज्राचार्य<br>६. श्री प्रकाश तण्डुकार<br>७. श्री लिलाबहादुर शाही<br>थप गुठीयारहरुको नामावली अनुसूची १ बमोजिम यस संस्थाले गुठीयारको सदस्यता प्रदान गरी नामावली उल्लेख गर्नेछ ।<br>**परिच्छेद ३**<br>**दफा ११**<br>१ गुठियारहरुको योग्यता :<br>यस गुठीको उद्देश्य र बिधानप्रति प्रतिवद्ध तल उल्लेखित योग्यता पुगेका कीर्तिपुर नगरपालिका क्षेत्र भित्र स्थायी बसोबास भएका कुनै पनि नेपाली नागरिक तोकिएको प्रक्रिया पूरा गरी यस गुठीको सदस्य बन्न सक्नेछ । तर, राष्ट्रिय स्तरमा शैक्षिक क्षेत्रमा योगदान पुऱ्याएका विश्वविद्यालयका वहालवाला तथा पूर्व प्राध्यापक, इञ्जिनीयर, डाक्टर तथा अधिकृत स्तरका प्रशासकजस्ता व्यक्तित्वहरुलाई कीर्तिपुर न.पा. वाहिरका भए पनि गुठीयारी प्रदान गर्न यो विधानले वाधा गर्नेछैन ।<br>क) २५ बर्ष उमेर पुगेका नेपाली नागरिक हुनुपर्ने ।<br>ख) मानसिक अवस्था ठिक रहेको हुनुपर्ने ।<br>ग) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय नपाएको ।<br>घ) गुठीको बिरुद्ध प्रत्यक्ष मुद्दामा संलग्न नभएको तथा सदस्य हुन अयोग्य नठहरिएको ।<br>ङ) राराहिल मेमोरियल स्कुलसँग सम्बन्धित कुनै संस्थामा कार्यकारी पदमा रही क्रियाशील रहेका ब्यक्तिहरु गुठी संचालक समिति र विद्यालय ब्यवस्थापन समितिको पदाधिकारी वा सदस्यको रुपमा मनोनित हुने छैनन् । | |

**<u>निर्णय नं.६</u>**

कीर्तिपुर नगरपालिका वडा नं. ९ निवासी श्री लक्ष्मी पोडे, वर्ष ४२ को २०७४ साल देखि ब्रेस्ट क्यान्सर भएकोले सो रोगको उपचारका लागि आफ्नो आर्थिक अवस्था कमजोर भएको कारण खुलाई आर्थिक सहयोगका लागि आवश्यक कागजातसहित निवेदन पेश गरेको हुदाँ श्री लक्ष्मी पोडेलाई उपचार खर्च बापत रू. २५,०००।–(अक्षरेपीः- रु. पच्चीस हजार मात्र) अन्य सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं.७</u>**

कीर्तिपुर नगरपालिका वडा नं. ५ निवासी श्री सानु भाई रोक्काको श्रीमती श्री मिना रोक्का , वर्ष ३८ को २०७७ साल देखि क्यान्सर (ca pancreas) भएकोले सो रोगको उपचारका लागि आफ्नो आर्थिक अवस्था कमजोर भएको कारण खुलाई आर्थिक सहयोगका लागि आवश्यक कागजातसहित निवेदन पेश गरेको हुदाँ श्री सानु भाई रोक्कालाई निजको श्रीमतीको उपचार खर्च बापत रू. २५,०००।–(अक्षरेपीः- रु. पच्चीस हजार मात्र) अन्य सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।